# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, जेठ १६ गते २०४० साल (संख्या ७

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको

### सूचना

भूमिसम्बन्धी (एघारौं संशोधन) नियमहरू, २०४०

भूमिसम्बन्धी नियमहरू, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले भूमिसम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "भूमिसम्बन्धी (एघारौं संशोधन) नियमहरू, २०४०" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम ४१ क. मा संशोधनः भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम ४१ क. को सट्टा देहायको नियम ४१ क. राखिएको छः–

"४१ क. समिति गठन गर्नेः (१) यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जिल्लामा ऐनबमोजिम तोकिएको अधिकारीले गर्नुपर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काम कारवाईमध्ये सोही सूचनामा तोकिएको काम कारवाई गर्नको लागि अध्यक्ष लगायत तीन जना सदस्य भएको एक समिति गठन गर्न सक्नेछ।

(२) समितिले अध्यक्ष र अर्को एक जना सदस्यको उपस्थितिमा उप-नियम (१) बमोजिम तोकिएको सबै काम कारवाई र किनारा गर्न सक्नेछ। तर कारवाईको हकमा समितिको अध्यक्ष वा कुनै सदस्यले गर्न सक्नेछ।

(३) समितिले काम कारवाई वा किनारा गर्दा सदस्यहरूको भिन्दा भिन्दै राय भई बहुमत कायम हुन नसकेमा अध्यक्षको रायबमोजिम गर्नु पर्नेछ।

(४) कुनै जिल्लामा उप-नियम (१) बमोजिम समिति गठन भई कायम रहुञ्जेलसम्म सो समितिले गर्ने भनी तोकिएका काम कारवाई अन्य अधिकारीले गर्न पाउनेछैन।"

आज्ञाले,
बोधनाथ चालिसे
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।